रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : १ संख्याः ५ प्रकाशित मितिः २०७४/०७/१३

## भाग-१

# आर्थिक वर्ष २०७४/०७५ को वजेट, नीति तथा कार्यक्रम

# आर्थिक वर्ष २०७४/०७५ को वजेट, नीति तथा कार्यक्रम

**रोङ गाउँपालिका**

**इलाम**

**१ नं. प्रदेश, नेपाल**

# बजेट वक्तव्य

## (बजेट, नीति तथा कार्यक्रम)

गाउँसभाबाट स्वीकृत मिति : २०७४/०५/२६

सभाध्यक्ष महोदय,
अतिथि ज्यूहरु,
राजनीतिक दलका प्रतिनिधिज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, गाउँपालिकाका कर्मचारीहरु, विषयगत शाखाका प्रमुख एवं प्रतिनिधिहरु, पत्रकार एवं उपस्थित सम्पूर्ण महानुभावहरु,

आज हामी एउटा ऐतिहासिक घडिमा आइपुगेका छौं । २००७ सालदेखिको जनताको चाहना संविधान सभा मार्फत आफैले निर्माण गरेको संविधान कार्यान्वयनको यो क्रममा आइपुग्दा वर्षौ देखिको निर्वाचित स्थानीय जनप्रतिनिधिको रिक्तताको अन्त्य गर्दै जनचाहना अनुरुपको जननिर्वाचित स्थानीय सरकार र जनताको आकांक्षा समृद्धि मार्फत समाजको परिवर्तनको जिम्मेवार ठाउँमा छौं । जनताको लामो संघर्ष पछि प्राप्त लोकतान्त्रिक संघीय गणतन्त्रात्मक व्यवस्थाको सफल र व्यवहारिक कार्यान्वयनको जटिल मोडमा छौ । सानो मात्रै गल्ती, कमजोरी वा असावधानीले समाजको उन्नती र प्रगति वा सिङ्गो व्यवस्थाको सफलता र असफलता व्यहोर्नु पर्ने विषयलाई गम्भीरतापूर्वक लिदै हामी सबैले आफ्ना कदमहरु जिम्मेवारी पूर्वक अगाडी बढाउनु आवश्यक छ ।

स्थानीय तहको गठन पश्चात संघीयताको कार्यान्वयन र लोकतन्त्र संस्थागत हुने मात्र नभई आफ्नो ठाउँको विकासमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चित भई जनतालाई व्यवहारमै सार्वभौम बनाउने यो अवसरलाई उपयोग गर्न सबैबाट साथ सहयोगको अपेक्षा गर्दछु । सबै कुरा प्रष्ट नभैसकेको संक्रमणकालीन अवस्थामा यस रोङ गाउँपालिकाको बजेट, नीति र कार्यक्रम गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रस्तुत गर्न पाउँदा गौरवान्वित ठानेको छु । यस अवसरमा म जनताको लोकतान्त्रिक अधिकार स्थापना गर्न विभिन्न कालखण्डका आन्दोलनहरुमा शहदात प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु साथै आन्दोलनको क्रममा बेपत्ता र अङ्गभङ्ग भएकाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**
अब म हाम्रो विद्यमान अवस्थाको समीक्षा, बजेट, नीति तथा कार्यक्रमका आधारहरु, उद्देश्यहरु, प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

### रोङ गाउँपालिकाको मौजुदा अवस्था :

इलाम जिल्लाको दक्षिण पूर्वी भू-भाग साविक शान्तिपुर, कोल्वुङ्ग, इरौटार र जिर्मले गा.वि.स.हरु समायोजन भई बनेको यस रोङ गाउँपालिकामा ६ वटा वडाहरु, १५५ वर्ग किलोमिटर क्षेत्रफल र २०,५४२ जनसंख्या रहेको छ । पूर्वमा भारतको दार्जिलिङ्ग र सु.न.पा., पश्चिममा सु.न.पा, उत्तरमा सु.न.पा. र दक्षिणमा झापाको मेचीनगर न.पा., वुद्ध शान्ति गा.पा. र अर्जुनधारा न.पा. रहेको यस गा.पा. बसोबासको निम्ति राम्रो हावापानी भएको क्षेत्र हो । यस

गा.पा.को अधिकांश भू-भागमा भौतिक पूर्वाधारको कमीले जीवन कष्टकर छ । यस गा.पा.मा चुरेको ठूलो भू-भाग पर्ने र उक्त क्षेत्रमा हरेक वर्ष प्राकृतिक प्रकोपको दृष्टिले संवेदनशील क्षेत्र सावित भएको छ । चिया, दुग्ध उत्पादन तथा पशुपालन, अलैची, अदुवा, अम्लिसो, अकबरे, सुपारी, धान, मकै सब्जी खेती लगायतका खेतिपाती यस क्षेत्रको मुख्य पेशाको रुपमा रहेको छ ।

हिन्दु, वौद्ध, क्रिश्चियन, किराँत लगायतका धर्मावलम्बी वाहुन, क्षेत्री, राई, लिम्बु, तामाङ, मगर, भुजेल, लेप्चा, दर्जी, वि.क., सुनुवार लगायतका जातजाति एक आपसमा सद्भाव र आत्म सम्मानका साथ बसोबास गरेका छन् । पाथीभरा-हाँस पोखरी, देवानछाप, सलकपुर आदि धार्मिक ऐतिहासिक महत्वका पर्यटकीय क्षेत्र छन् भने मौलिक संस्कृति, प्राकृतिक मनोरमता यहाँको मुख्य आर्कषण हुन् ।

**बजेटका आधारहरु :**

यस वर्षको नीति, कार्यक्रम तथा बजेट निर्माणको क्रममा नेपालको संविधानमा भएका व्यवस्थाहरु, नेपाल सरकारबाट स्थानीय तह संचालन सम्बन्धमा जारी भएको आदेश-२०७३, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट समय समयमा जारी भएका मार्गदर्शन तथा परिपत्रहरु, गाउँ कार्यपालिकाले स्वीकृत गरेको रोङ गाउँपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन-२०७४, गाउँ कार्यपालिकाबाट गठित राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विभिन्न विषयगत समितिहरु, बजेट तथा कार्यक्रम तर्जुमा समिति तथा गाउँ कार्यपालिकाबाट प्राप्त सुझावहरुका आधारमा सम्भव भएसम्म जनचाहना तथा आवश्यकताहरुलाई समेटने अभिप्राय लिई प्रस्तुत नीति कार्यक्रम तथा बजेट तयार पारेको छु ।

**बजेटको उद्देश्यहरु**

- सेवा प्राप्तिमा सर्वसुलभता, चुस्तता र गुणस्तरीयता कायम गर्ने ।
- रोङवासी आम नागरिकको आर्थिक, सामाजिक अवस्थालाई सुधार गर्ने ।
- योजनावद्ध रुपमा द्रुत गतिमा पूर्वाधारको विकास गर्ने ।
- सबै प्रकारका विकासलाई दिगो विकासमा परिणत गर्ने ।

**बजेटका प्राथमिकताहरु**

- सडक पूर्वाधार निर्माण र स्तरोन्नती ।
- विद्युत सेवा तथा खा.पा. विस्तार र व्यवस्थापन ।
- शिक्षा क्षेत्रको गुणस्तरमा सुधार ।
- पर्यटन क्षेत्रको व्यवस्थित विकास ।
- सामाजिक, आर्थिक विकास मार्फत जीवनको गुणस्तर वृद्धि ।
- कृषिको आधुनिकिकरण तथा व्यवसायीकरण ।
- संस्थागत क्षमता वृद्धि ।

- वातावरण संरक्षणमा जोड ।
- रोजगारीको अवसरमा वृद्धि ।
- सेवा प्रवाहमा प्रभावकारिता ।
- सुशासनमा जोड ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०७४/०७५ लाई रोङ गाउँपालिकाको **योजना निर्माणको वर्ष** घोषणा गर्दै अब म बजेटको विषयक्षेत्रगत नीतिहरु पेश गर्न चाहन्छु ।

## बजेटका नीतिहरु

## १. आर्थिक विकास

- कृषिको व्यवसायीकरणका निम्ति एक गाउँ एक उत्पादनको नीति लिइनेछ ।
- कृषिमा नयाँ व्यवसायको नमूना कार्यक्रमहरु संचालन गरि युवाहरुलाई उत्पादन संस्कृतिमा जोड्न अधिकतम प्रयत्न गरिने छ ।
- मौरी पालनको स्रोत तथा अनुसन्धान केन्द्रको रुपमा विकास गरिने छ ।
- जोखिम न्यूनिकरणको निम्ति बाली वीमा गर्ने व्यवस्था मिलाइने छ ।
- न्यूनतम ४ गाई पाल्ने १० किसानको १ समूह, १० समूहको एक दुग्ध सहकारी र यस्ता दुग्ध सहकारीहरुलाई अनुदान कार्यक्रम मार्फत चिस्यानको व्यवस्था गरिने छ ।
- पशुपालन व्यवसायलाई पूर्ण व्यवसायिक बनाउन टोल टोलमा पशु प्राविधिक मार्फत नश्ल सुधार तथा उपचारको व्यवस्था मिलाइने छ ।
- पशुधन जोखिम न्यूनिकरण गर्न पशुधन वीमाको व्यवस्था गरिनेछ ।
- बाखाको पकेट क्षेत्रमा उन्नत जातको बीउ बोकाको व्यवस्था गरिने छ ।
- पर्यटन विकासको निम्ति वृहत गुरुयोजना निर्माण गरी पर्यटकीय क्षेत्रहरुको विकास र प्रवर्द्धनको नीति तय गरिने छ ।
- पाथीभरा तथा हाँसपोखरी क्षेत्रको विकासको निम्ति छुट्टै गुरु योजना निर्माण गरि कार्यक्रम संचालन गरिने छ ।
- पर्यटन क्षेत्रको विकासको निम्ति विभिन्न सरकारी संघ संस्था र गै.स.स.सँग सहकार्य गरिने छ ।
- साहसिक खेल पर्यटन जस्तै रक क्लाइमिङ, प्याराग्लाइडिङ्ग आदिको संभाव्यता अध्ययन गरि संचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ ।
- ग्रामिण पर्यटन प्रवर्द्धनको निम्ति सामूहिक घरवास संचालन गर्ने समूहलाई तालिम

तथा उत्कृष्ट घरबासलाई पुरस्कारको व्यवस्था मिलाइने छ ।

- होटल व्यवसाय सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्न लगानी मैत्री वातावरण निर्माण गरिने छ ।
- ग्रामिण अर्थतन्त्रलाई मजवुत बनाउन गाउँमा रहेका सहकारीहरुको स्तरोन्नतीको कार्य गरिने छ ।
- गरिवी निवारणका निम्ति सामुदायिक वन, विविध दातृ निकायहरुसँग सहकार्य तथा समपुरक कोष मार्फत कार्यक्रम संचालन गरिने छ ।
- गरिवी निवारणको निम्ति गरीवसँग बिश्वेश्वर कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- खनिजको संरक्षणका लागि निगरानी बढाइने छ ।

## २. सामाजिक विकास

- विद्यालयहरुमा लामो समय रिक्त हुने शिक्षक पदको दरवन्दी परिपूर्तिको निम्ति अग्रिम परीक्षा संचालन गरी प्रतीक्षा सूची कायम गरी योग्य जनशक्तिलाई क्रमागत रुपमा तत्काल पदपूर्ति गरिने व्यवस्था मिलाइने छ ।
- गुणस्तरीय र प्रविधि मैत्री शिक्षाको निम्ति आवश्यक सहयोगको व्यवस्था मिलाइने छ ।
- उच्च शिक्षा र प्राविधिक शिक्षाको निम्ति संभाव्य शैक्षिक संस्थाहरुलाई विशेष अनुदानको व्यवस्था मिलाइने छ ।
- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्ने तथा विद्यालयमा विद्यार्थी टिकाउने र बीच बीचमा कक्षा छाडने विद्यार्थीको संख्या घटाउने अभियान संचालन गरिने छ ।
- विद्यार्थीको सिकाइ उपलब्धीमा वृद्धि गर्ने कार्यक्रमहरु तय गरिने छ ।
- शिक्षकहरुको तलब भत्तालाई मासिक निकासा गर्ने व्यवस्था मिलाइने छ ।
- आ.व. २०७४/०७५ देखि नै लोपोन्मुख, दलित र अपाङ्गलाई स्वास्थ्य उपचारको सरल पहुँच सृजना गर्ने अभिप्रायले पारिवारिक स्वास्थ्य वीमा कार्यक्रमलाई निःशुल्क बनाइने छ । साथै सम्पूर्ण रोङबासीको स्वास्थ्य उपचार सरल बनाउन पारिवारिक स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा क्रमशः लागू गरिनेछ ।
- स्थानीय तहमा रहेका स्वास्थ्य इकाईहरुको सेवा प्रभावकारी बनाउन स्तरोन्नतीको लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- शुद्ध खानेपानीको परिपूर्तिको निम्ति तत्कालिन र दीर्घकालीन योजना निर्माण गरी एक घर एक धाराको व्यवस्था गरिनेछ ।
- खुल्ला दिसामुक्त क्षेत्र घोषणा पछिको पूर्ण सरसफाई कार्यक्रमलाई आ.व. २०७४/०७५ मा पनि निरन्तर र क्रमशः संचालन गरिने छ ।
- लेप्चाजातिको भाषा संस्कृतिको केन्द्रिय अध्ययन अनुसन्धान केन्द्रको रुपमा विकास गर्न गुरु योजना निर्माण गरी कार्यक्रम अघि बढाइने छ ।
- सवै धर्मावलम्वीको धार्मिक स्थलहरुलाई समान रुपमा विकास गर्ने नीति अवलम्बन

गरिने छ ।

- लोपोन्मुख नौमति बाजा लगायत विभिन्न मौलिक बाजागाजा तथा  संस्कृति संरक्षणको निम्ति विशेष व्यवस्था मिलाइने छ ।
- हरेक वडामा पूर्वाधार सम्पन्न एक खेल मैदानको निर्माण गरिने छ ।
- खेलाडी उत्पादन तथा खेलको स्तरोन्नतीका निम्ति नियमित प्रतियोगिताहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।
- करांते, तेक्वान्दो, उसु, बक्सिङ्ग लगायतका सम्पूर्ण व्यक्तिगत खेलको विकासको निम्ति क्रमशः कवड हलको व्यवस्था मिलाउँदै लगिने छ ।
- जमिनको वैज्ञानिक ढंगले वर्गीकरण गरी भू-उपयोग नीति तथा मूल्य निर्धारण गरिनेछ ।
- भूमिहीन तथा सुकुम्बासीको लगत संकलन गर्ने, व्यवस्थित बसोबासको व्यवस्था गर्ने तथा वर्षौ देखि भोगचलन गरिआएको जमिनको पोत कायम गराई जग्गा धनीपूर्जा दिलाउन आवश्यक प्रकृया अगाडी बढाइने छ ।
- नवजात शिशु र सुत्केरी महिलाको सुरक्षाको लागि आमा सुरक्षा कार्यक्रमसँग आवद्ध गरी कार्यक्रमहरु संचालन गरिने छ ।
- दीर्घरोग लागेका सुकुम्बासी तथा अत्यन्त विपन्न वर्गको परिवारलाई स्वास्थ्य सम्वन्धी विशेष कार्यक्रम माग गरिने छ ।
- स्थानीय तहमा महिलामैत्री कानून बनाउन विशेष पहल गरिने छ ।
- महिला हिंसा, छुवाछुत तथा भेदभाव गर्नेलाई प्रचलित कानून बमोजिम कारवाहीको दायरामा ल्याइने छ ।

## ३. पूर्वाधार विकास

- सजिलो रोड अभियान सञ्चालन गरी रोङ गाउँपालिकामा व्यवस्थित सडक सञ्चालनको विकास गरी ग्रामिण जनजीवनलाई सहज र व्यवस्थित गरिने छ ।
- मूख्य सडक तथा पूलहरुको विस्तृत आयोजना प्रतिवेदन DPR तयार गरिने छ ।
- सिंचाइको व्यवस्था गर्दै कृषि उत्पादनमा वृद्धि गरि आर्थिक स्तरमा सुधार गरिने छ ।
- उज्यालो रोङ अभियान अन्तर्गत ग्रामिण विद्युतीकरणलाई द्रुत गतिमा विस्तार र व्यवस्थित गरिने छ ।
- बाह्रै महिना यातायातको साधनहरु सहज रुपमा संचालनमा ल्याउन मर्मत संभार कोषको व्यवस्था गरिने छ ।
- ठूला पूर्वाधार निर्माण प्रदेश तथा संघीय सरकार र गै.स.स.सँग विशेष अनुदान तथा समपूरक कोष मार्फत गरिने नीति लिइने छ । साथै राष्ट्रिय योजनाहरुमा समावेश गरी संचालन गर्ने व्यवस्था मिलाइने छ ।

- झापासँग बस्ती जोडिएको स्थानीय तहसँग साझेदारी गरी विकास प्रक्रिया अगाडि बढाउने नीति लिइने छ।
- खेलकुद क्षेत्रको विकासको लागि नियमित रुपमा प्रतियोगिता गराउनका लागि गाउँपालिका स्तरीय खेलकुद समिति निर्माण गरिने छ।
- रोङको समृद्धिमा सञ्चार माध्यमबाट सहयोग गर्ने पत्रकार तथा सञ्चार संस्थाहरुलाई सम्मान गरिने छ।

## ४. वातावरण तथा विपद व्यवस्थापन

- पहिरो नियन्त्रण, नदी कटान तथा जलाधार संरक्षणको निम्ति सामुदायिक वन उपभोक्ता समूहहरुसँगको साझेदारीमा चुरे संरक्षण गुरु योजना निर्माण गरि कार्यक्रम संचालन गरिने छ।
- सामुदायिक वन उपभोक्ता समितिले गरिवी न्यूनीकरणको कार्यक्रम गाउँपालिकाबाट स्वीकृत गरी गा.पा.सँग साझेदारीमा संचालन गर्नुपर्ने नीति अवलम्बन गरिने छ।
- प्राकृतिक प्रकोप भूकम्प, माहामारी, बाढी पहिरो, आगलागी आदिले निम्त्याउन सक्ने असहज अवस्थाको व्यवस्थापनका निम्ति विपद व्यवस्थापन कोषको व्यवस्था मिलाइने छ।
- रोङ गाउँपालिकाको चुरे क्षेत्रका अधिकांश वन झापा जिल्लाका बासिन्दाले उपभोग गरिरहेको हुनाले झापासँग समन्वय गरी वन क्षेत्रको आय रोङ गाउँपालिकामा ल्याउने नीति लिइने छ।
- वन विकासको लागि वृक्षारोपण, वन्यजन्तु संरक्षण गर्ने र वनको संरक्षणको लागि तत्काललाई कडा निगरानीको व्यवस्था मिलाइने छ।
- वन फडानीको सम्बन्धमा उजुरी गर्नेको नाम गोप्य राखी रु.५,०००।- पुरस्कार दिइने छ र चुरे दोहन रोक्न कार्यदल बनाएर निगरानी बढाइने छ।

## ५. संस्थागत विकास र सेवा प्रवाह

- अर्धवार्षिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरी हरेक क्रियाकलापलाई जवाफदेही र पारदर्शी बनाइने छ।
- साप्ताहिक रेडियो कार्यक्रम मार्फत **"जनताको आवाज-रोङको विकास"** लाई घर घरसम्म पुऱ्याउने व्यवस्था मिलाइने छ।
- सु-शासनमा जोड दिदैं बिना भेदभाव सबैलाई समान अवसर प्रदान गरिने छ।
- सबै कर्मचारीहरुको सेवा सुविधामा तहगत समानता कायम गरिनेछ।
- आकस्मिक रुपमा हुनसक्ने असहज अवस्थाको निम्ति आकस्मिक कोष निर्माण गरिने

छ ।

- कर्मचारीहरु सेवाबाट बाहिरिंदाका बखत आवश्यक पर्ने रकमलाई व्यवस्था गर्न कर्मचारी कल्याण कोष स्थापना गरिने छ ।
- रोङ गाउँपालिका स्थित विभिन्न विद्यालयहरु तथा विद्यालयका शिक्षक, उपभोक्ता समितिहरु र गाउँपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुको कामको अनुगमन गरी उत्कृष्ठ ठहरिएका लाई पुरस्कृत गर्ने नीति लिइने छ । उत्कृष्ठ उपभोक्ता समितिलाई वडाको सिफारिशमा रु. ५ लाखसम्मको योजना वितरण गरिने छ ।
- भष्ट्राचारको सम्बन्धमा शुन्य सहनशीलता अपनाइने र भष्ट्रचार भएको ठहर भएमा कडा कारवाही गरिने नीति लिइने छ ।
- आगामी आर्थिक वर्षदेखि वडाको बजेट सिलिङ्ग निर्धारण गर्दा क्षेत्रफल, जनसंख्या र राजश्व असूलीलाई मुख्य आधार बनाइने छ ।

**सभाध्यक्ष महोदय,**

**अब म रोङ गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को बजेट पेश गर्ने अनुमति चाहन्छु ।**

**आर्थिक वर्ष २०७४/०७५ को आम्दानी तर्फ तपशिल बमोजिम हुने अनुमान गरेको छु ।**

- आन्तरिक आम्दानी रु.१०,००,०००।-
- राजश्व बाँडफाड तर्फ रु. २०,००,०००।-
- अन्तर सरकारी वित्तीय हस्तान्तरण रु. २२,९३,६८,०००।-
- सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु. ५,६७,१८,४००।-
- गत आर्थिक वर्षको मौज्दात तर्फ रु.७५,९६,४१५।०५

**जम्मा आम्दानी रु. २९,६६,८२,८१५।०५**

**आर्थिक वर्ष २०७४/०७५ को खर्च तर्फ तपशिल बमोजिम हुने अनुमान गरेको छु ।**

- चालू खर्च तर्फ रु. ३,८१,५०,०००।-
- सामाजिक सुरक्षा कार्यक्रम तर्फ रु. ५,६७,१८,४००।-
- पूँजीगत खर्च तर्फ रु. ११,४८,५३,०००।-
- सशर्त अनुदान तर्फ रु. ७,९३,६५,०००।-
- साविक स्थानीय निकाय र स्थानीय तहका कार्यक्रमहरु यथावत सञ्चालन गर्न रु. ७५,९६,४१५।०५

**जम्मा खर्च रु. २९,६६,८२,८१५।०५**

**सभाध्यक्ष महोदय,**

**अब म विषयक्षेत्रगत रुपमा वाडफाँड गरिएको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**१) आर्थिक क्षेत्र :**

- **कृषि तथा पशु सेवा रोङबासीको अर्थतन्त्रको टेवा** अर्न्तगत कृषि र पशुपालन व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै मुख्य आर्थिक आधारको रुपमा विकास गर्न उन्नत बिऊविजन, नश्ल सुधारको कार्यक्रम पकेट क्षेत्र, छनोट गरि कृषक समूह निर्माण र सामूहिक खेती, कृषि सहकारी गठन गरी संस्थागत उत्पादन र बजार व्यवस्थापन लगायतका निम्ति एकमुष्ट रु. ६०,५०,०००।- (अक्षरेपी साठीलाख पचास हजार) विनियोजन गरेको छु ।

- **योजनावद्ध पर्यटन-रोङवासीको आयआर्जन** अर्न्तगत पर्यटन क्षेत्रको विकासको निम्ति गुरुयोजना निर्माण, पार्किङ क्षेत्र निर्माण, पार्क व्यवस्थापन, गोल घर निर्माण, पोखरी तथा झरना व्यवस्थापन, होमस्टे प्रवर्द्धन, जोरकलश व्यवस्थापन लगायतका कार्यक्रमको लागि एकमुष्ठ रु.३८,७०,०००।- (अक्षरेपी अठ्तीसलाख सत्तरीहजार) विनियोजन गरेको छु ।

- **गाउँ गाउँमा सहकारी-घर घरमा रोजगारी** अर्न्तगत सहकारी संचालन, समृद्धिको निम्ति मानव संसाधनको क्षमता अभिवृद्धि तथा भौतिक स्तरोन्नतीको निम्ति रु. ८,००,०००।- (अक्षरेपी आठलाख) विनियोजन गरेको छु ।

यसरी, गाउँपालिकाबाट संचालन हुने कार्यक्रम मार्फत रु. १,०७,२०,०००।- (अक्षरेपी एक करोड सात लाख बीस हजार) र वडा मार्फत विनियोजित रकम रु.८,६५,०००।- (अक्षरेपी आठलाख पैंसठ्ठीहजार) गरी जम्मा रु.१,१५,८५,०००।- (अक्षरेपी एककरोड पन्ध्रलाख पचासीहजार) आर्थिक क्षेत्रलाई विनियोजन गरेको छु ।

**२) सामाजिक क्षेत्र :**

- **प्रविधिमैत्री गुणस्तरीय शिक्षा-आजको आवश्यकता** अर्न्तगत दीर्घकालीन विकास र समृद्धिको आधार शिक्षा क्षेत्रको विकासको निम्ति नमूना विद्यालय निर्माण, विद्यालय पहुँच बाहिरका बालबालिकाको निम्ति घुम्ती सामुदायिक पूर्व प्रा.वि. तथा विद्यार्थी अभिभावक आकर्षण निम्ति रु.२६,००,०००।- (अक्षरेपी छब्बीसलाख) विनियोजन गरेको छु । यस बाहेक जिल्ला शिक्षा कार्यालयबाट संचालन हुने यस वर्षको कार्यक्रमसँग समन्वय गरि संचालन गरिने समेत जानकारी गराउन चाहन्छु ।
- **सबैको पहुँचमा स्वास्थ्य उपचार-आजको नैसर्गिक अधिकार** अर्न्तगत स्वास्थ्य इकाइहरुको भौतिक स्तरोन्नती, स्वास्थ्य शिक्षा सामग्री, थप औषधीको व्यवस्था तथा उपकरण खरिद लगायतका कार्यक्रममा शसर्त अनुदानमा थप हुने गरी रु.७,९७,०००।- (अक्षरेपी सातलाख सन्तानब्बेहजार) विनियोजन गरेको छु । यस बाहेक जिल्ला स्वास्थ्य कार्यालयबाट संचालन हुने कार्यक्रमसंग समन्वय गरि संचालन हुने कुरा समेत जानकारी गराउँदछु ।

- **<u>शुद्ध खानेपानी तथा सरसफाई जीवनको आधारभूत आवश्यकता</u>** अर्न्तगत कुटी खा.पा. योजना, हर्कटे खा.पा. योजना, अर्याल चोक फोक्टी खा.पा. योजना लगायत केही नयाँ खानेपानी योजना, पुराना खानेपानी योजनाको मर्मत संभार साथै खुल्ला दिसामुक्त क्षेत्र पश्चातको पूर्ण सरसफाई कार्यक्रमको थप निरन्तरता लगायतको निम्ति एक मुष्ठ रु.६०,००,०००।- (अक्षरेपी साठीलाख) विनियोजन गरेको छु ।
- **<u>सभ्यताको प्रतीक-संस्कृति प्रवर्द्धनद्धारा गर्ने उन्नती</u>** अर्न्तगत लोपोन्मुख लेप्चा जातिको भाषा, संस्कृति अध्ययन अनुसन्धान केन्द्रको निम्ति गुरु योजना निर्माण, माने संरक्षण, मन्दिर, गुम्बा, चर्च, पूजास्थान निर्माण तथा मर्मतको लागि रु.३१,००,०००।- (अक्षरेपी एकतीसलाख) विनियोजन गरेको छु ।
- **<u>समानता र समावेशीता-अवसर र आत्मसम्मान</u>** अर्न्तगत लोपोन्मुख नौमति बाजा संरक्षण, महिलाहरुको क्षमता विकासका कार्यक्रम तथा आदिवासी जनजातिहरुको कार्यालय भवन निर्माण लगायतका कार्यक्रमलाई रु.४,००,०००।- (अक्षरेपी चारलाख) विनियोजन गरेको छु ।
- **<u>राष्ट्रको लागि खेलकुद-स्वास्थ्यको लागि खेलकुद</u>** अर्न्तगत यस क्षेत्रमा खेल संस्कृतिको विकास गर्न गा.पा. स्तरीय एक खेलकुद विकास समिति निर्माण गरि कार्यक्रम अगाडी बढाउन रु.५,००,०००।- (अक्षरेपी पाँचलाख) विनियोजन गरेको छु ।

  यसरी, सामाजिक विकास क्षेत्रका लागि गाउँपालिकाबाट संचालन हुने कार्यक्रम मार्फत जम्मा रु.१,३३,९७,०००।-(अक्षरेपी एककरोड तेत्तीसलाख सन्तानब्बेहजार) र वडाबाट रु.३३,७०,०००।- (अक्षरेपी तेत्तीसलाख सत्तरीहजार) गरि जम्मा रु.१,६७,६७,०००।- (अक्षरेपी एककरोड सत्सठ्ठीलाख सत्सठ्ठीहजार) विनियोजन गरेको छु ।

**३) पूर्वाधार विकास :**

- **<u>व्यवस्थित पूर्वाधारको विकास-आर्थिक समृद्धिको आधार</u>** अर्न्तगत **सजिलो रोङ अभियान** संचालन गर्न रोङको मुख्य सडक शान्तिपुरदेखि जिर्मलेसम्म, रोङ गा.पा.को सबै वडा जोडने सडक, विगतका वर्षहरुमा केन्द्रिय योजनामा समावेश भई हाल केन्द्रिय योजनामा छुटेका इलाम झापा जोडने मुख्य सडकहरु, कृषि सडक, ग्रामीण सडक आदिको विस्तार गरि रोङको जनजीवनलाई सहज बनाउनको निम्ति जम्मा रु.४,३४,००,०००।- (अक्षरेपी चारकरोड चौंतीसलाख) विनियोजन गरेको छु ।
- रोङ गाउँपालिका भित्रका सार्वजनिक भवनहरु निर्माण तथा मर्मत संभार गर्न रु.१३,८०,०००।- (अक्षरेपी तेह्रलाख असीहजार) विनियोजन गरेको छु ।
- रोङको मुख्य सडकमा पर्ने पक्की पुलहरुको DPR तयार गर्न, कज वे निर्माण, पुलेसा निर्माण आदिको निम्ति एक मुष्ट रु.२३,५०,०००।- (अक्षरेपी तेइसलाख पचासहजार) विनियोजन गरेको छु ।
- रोङको विभिन्न ठाउँमा खेल मैदानको स्तरोन्नतीको निम्ति एकमुष्ट रु.२२,५०,०००।- (बाइसलाख पचासहजार) विनियोजन गरेको छु ।
- **उज्यालो रोङ अभियान** अर्न्तगत रोङ गा.पा.को विभिन्न क्षेत्रमा विद्युत लाइन विस्तार, सुधार र व्यवस्थापनको निम्ति एक मुष्ठ रु.१,१४,००,०००।- (अक्षरेपी एककरोड चौधलाख)

विनियोजन गरेको छु ।

यसरी, पूर्वाधार विकास तर्फ रोङ गाउँपालिकाबाट संचालन हुने कार्यक्रम मार्फत रु.६,१९,८०,०००।-(छकरोड उन्नाइसलाख असीहजार) र वडा समिति मार्फत रु.१,०५,४०,०००।- (अक्षरेपी एककरोड पाँचलाख चालीसहजार) गरि जम्मा रु.७,२५,२०,०००।- (अक्षरेपी सातकरोड पच्चीसलाख बीसहजार) विनियोजन गरेको छु ।

**३) वातावरण तथा विपद् व्यवस्थापन :**

- वातावरण तथा विपद् व्यवस्थापनको निम्ति चुरे संरक्षण गुरु योजना, नदि कटान नियन्त्रण, भू-क्षय रोकथाम लगायतका कार्यक्रमको निम्ति रु.२५,००,०००।- (अक्षरेपी पच्चीसलाख) विनियोजन गरेको छु ।

  यसरी, वातावरण तथा विपद् व्यवस्थापन तर्फ गाउँपालिकाबाट संचालन हुने कार्यक्रमको निम्ति रु.२५,००,०००।- (अक्षरेपी पच्चीसलाख) र वडाबाट विनियोजन भएको रु.१,०५,०००।- (अक्षरेपी एकलाख पाँचहजार) गरि जम्मा रु.२६,०५,०००।-(अक्षरेपी छब्बीस लाख पाँचहजार) विनियोजन गरेको छु ।

**४) संस्थागत विकास र सेवा प्रवाह :**

- संस्थागत विकास र सेवा प्रवाहको निम्ति कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिवृद्धि, सीपमुलक तालीम, नियमित साप्ताहिक रेडियो कार्यक्रम, वृत्तचित्र निर्माण लगायतको निम्ति रु.१४,००,०००।- (अक्षरेपी चौधलाख) विनियोजन गरेको छु ।

  यसरी, संस्थागत विकास र सेवा प्रवाहका लागि गाउँपालिकाबाट संचालन हुने कार्यक्रम मार्फत रु.१४,००,०००।- (अक्षरेपी चौधलाख) र वडाबाट विनियोजित रु.१,२०,०००।- (अक्षरेपी एकलाख बीसहजार) गरी जम्मा रु.१५,२०,०००।- (अक्षरेपी पन्ध्रलाख बीसहजार) विनियोजन गरेको छु ।

## विशेष कार्यक्रम

- लोपोन्मुख, दलित, अपाङ्गलाई समाजमा अति पछाडी परेका वर्ग तथा समुदायमा भएको पहिचान सहित सहज स्वास्थ्य उपचारको निम्ति आवश्यक रकमको व्यवस्था मिलाएको छु । बालबालिकाको हित तथा संरक्षणको निम्ति बालबालिका कोष, गाउँपालिकाको स्थानीय तहका कर्मचारीहरुको हितको निम्ति कर्मचारी कल्याण कोष, घरघरसम्म स्वास्थ्य सेवा तथा चेतना अभिवृद्धि गर्ने महिला स्वास्थ्य स्वयम् सेविकाहरुको हितको निम्ति महिला स्वास्थ्य स्वयम् सेविका हितकोष तथा विविध सहायताको निम्ति सहायता कोष आदिलाई आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँ कार्यपालिका र वडा कार्यालयलाई व्यवस्थित गर्न सभाहल, फर्निचर, मेशिनरी सामान, साथै साझेदारीमा विकास कार्यक्रमहरुको संचालनको निम्ति आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गत आर्थिक वर्षको मौज्दात रकमलाई साबिक स्थानीय तह/गाउँपरिषदले गरेको निर्णय बमोजिमको कार्यक्रम यथावत संचालन गर्ने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत वजेट, नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको निम्ति अध्यक्षको संयोजकत्वमा अनुगमन समिति र विकास समस्या समाधान समितिको व्यवस्था गरि सबै कार्यक्रमहरुलाई पारदर्शी र भ्रष्टाचारमुक्त बनाउने नीति लिने छु ।

**अन्त्यमा,**

रोङ गाउँपालिकाको ऐतिहासिक प्रथम गाउँसभामा हाम्रो निमन्त्रणालाई स्वीकार गर्दै पाल्नु भएका अतिथि ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, विभिन्न संघसंस्थाका प्रतिनिधि ज्यूहरु साथै यस गाउँसभालाई सम्पन्न गर्न अहोरात्र कार्य सम्पादन गर्ने रोङ गाउँपालिकाका कार्यकारी अधिकृत तथा कर्मचारीहरु, संचारकर्मी मित्रहरु, सुरक्षाकर्मी, सम्पूर्ण सदस्य ज्यूहरु साथै सम्पूर्ण सुभेच्छुकहरु लगायत सम्पूर्ण रोङ गाउँपालिकाबासीमा धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै आगामी दिनहरुमा पनि यहाँहरुको सहभागिता र सहयोगको निरन्तर अपेक्षा गर्दछु ।

# धन्यवाद ।

आज्ञाले,
डिक प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत